नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

(प्रथम पटक प्रकाशित मितिः-२०७२।०९।०८)

## गैर सरकारी संस्था वा सेवा प्रदायक टिम प्रदायक टिम करार गरी २४ घण्टा CEONC सेवा संचालन गर्ने सम्बन्धी सूचना

आ.ब. ०७२।०७३ को आषाढ मसान्त सम्म सुरक्षित प्रसुति तथा नवजात शिशु सेवा कार्यक्रम संचालन गर्ने क्रममा आकस्मिक प्रसुति सेवा दुर्गम, मानव विकास सूचांक कम भएको तथा सडक संजालबाट पहुँचबाट टाढा रहेको जिल्लाहरु सेवा पुऱ्याउन तहाँ स्थित अस्पतालहरुमा दक्ष जनशक्तिको व्यवस्था गरी विद्यमान मातृ तथा नवजात शिशु मृत्युदर घटाउने उद्देश्यले स्वास्थ्य सेवा विभाग परिवार स्वास्थ्य महाशाखा सँग समन्वय गरी उल्लेखित कार्यक्रम संचालन गर्नुपर्ने भएकोले गोरखापत्र दैनिकमा मिति २०७२।०९।०८ मा सार्वजनिक सूचना जारी भएको छ ।

**शर्तहरुः**

१. इच्छुक गैरसरकारी संस्था, वा सेवा प्रदायक टिम वा व्यक्तिले यसै साथ संलग्न रहेको TOR Download गरी सोही मार्फत माग भएको विवरण तथा शैक्षिक योग्यता, अनुभव आदीको प्रमाणपत्र संलग्न गरी सेवा प्रदायकले मासिक रुपमा के कति पारिश्रमिक लिने हो सो समेत उल्लेख गर्नुपर्नेछ र http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR download गर्न सकिनेछ

२) टेण्डर शुल्क वापतको निम्न रकम राष्ट्रिय बाणिज्य बैक भरतपुरमा रहेको हि.नं.९६७ मा जम्मा गरेको भौचर पनि पेश हुनुपर्नेछ ।

३) प्रस्ताव स्वीकृत भएको टिम वा व्यक्तिलाई स्वास्थ्य सेवा विभाग परिवार स्वास्थ्य महाशाखाको निर्देशन वमोजिम बजेट व्यवस्था भएको अवस्थामा आगामी वर्षको लागि पनि करारलाई निरन्तरता दिन सकिनेछ ।

४) नेपाल सरकारले CEONC सेवा संचालन गर्न CEONC Fund बाट करारमा नियुक्ति गरिएका कर्मचारीहरुले महिनाको १ दिन मात्र विदा लिन पाउने छन् र यो विदा ६ दिन भन्दा बढी लिनु अगाबै परिवार स्वास्थ्य महाशाखालाई अनिवार्य रुपमा १५ दिन अघि जानकारी गराउनुपर्नेछ र सट्टा विदा लिन पाइने छैन । विदा लिदा CEONC सेवा दिने चिकित्सक र

एनेस्थेसिया सेवा दिने कर्मचारीले समन्वय गरी सेवामा बाधा नपर्ने गरी लिनुपर्नेछ । वर्षको १२ दिन भन्दा बढी विदा बस्नुपर्ने भएमा प्रतिदिनको पाउने तलब बराबरको रकम कट्टी गरिनेछ ।

५) नेपाल सरकारको स्थाइ/अस्थायी कर्मचारीले विदा लिई CEONC सेवा अर्न्तगत करार सेवाको लागि आवेदन गर्न पाइने छैन ।

६) CEONC कार्यक्रमबाट नियुक्ति भएका कर्मचारी विचमा संझौता अनुसार छोड्नु परेमा २ महिना अगाडि प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट लाई लिखित जानकारी गराउनुपर्नेछ ।

७) स्वास्थ्य सेवा विभाग परिवार स्वास्थ्य महाशाखाबाट जारी भएको अनुसुची ७ क CEONC कर्मचारीको कार्यविवरण यसैसाथ संलग्न छ । सो कार्य विवरण समेत Download गरी आवेदन गर्ने गैर सरकारी संस्था वा व्यक्ति ले सहि छाप गरी पेश गर्नुपर्नेछ ।

८) सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौं) औं दिनको १२:०० वजे भित्र यस अस्पतालको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई बैंक भौचर, TOR समेतका कागजात Scan गरी Upload गरीसक्नुपर्नेछ । Upload भएका CEONC सेवा सन्चालन सम्बन्धी टिम करार १६(सह्रौ) दिनको २:०० वजे यस अस्पतालमा CEONC सेवा सन्चालन सम्बन्धी टिम करारको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि टेन्डर खोल्न वाधा पर्नेछैन ।

***<u>तपशिल</u>***

| सि. नं. | ठे.नं. | पद | संख्या | आवेदन दस्तुर | जम्मा गर्नुपर्ने बैक | खाता नं. |
|---|---|---|---|---|---|---|
| 1 | 31.072.73 | MD(OBS) | 1 | 800/- | रा.बा.बैक, भरतपुर | 131000096701 |
| 1 | 31.072.73 | Anesthesia Assistant ( 1 Year course/Diploma in Anesthesia) | 1 | 600/- | रा.बा.बैक, भरतपुर | 131000096701 |



Medical Superintendent